बीमा प्रतिबिम्ब

नेपाली बीमा क्षेत्रको मासिक तथ्यांक संस्करण
वर्ष १ अंक ३ २०८२ जेठ



पृष्ठभुमी

बीमा क्षेत्र अर्थतन्त्रको महत्वपूर्ण स्तम्भ हो, जसले वित्तीय सुरक्षाका साथै दीर्घकालीन लगानी र सामाजिक स्थायित्वमा योगदान पुऱ्याउँछ। नेपालमा यस क्षेत्रको प्रभावकारी नियमन, अनुगमन, तथा विश्लेषणको कार्य नियमनकारी निकाय नेपाल बीमा प्राधिकरणले गर्दछ।

नेपाली बीमा बजारमा आ.व. २०८१/८२ को जेठ मसान्तसम्म ३७ वटा बीमा कम्पनी सञ्चालनमा रहेका छन्। कार्य प्रकृतिको आधारमा १४ जीवन बीमा, १४ निर्जीवन बीमा, ७ लघुबीमा (३ जीवन लघुबीमा र ४ निर्जीवन लघुबीमा) र २ पुनर्बीमा कम्पनीले व्यवसाय गर्दै आइरहेका छन्। त्यसैगरी, नेपालको कुल गार्हस्थ्य उत्पादनमा बीमाको योगदान बढ्दो क्रममा रहेको छ। साथै, बीमा ऐन, २०७९ ले निर्देशित गरेको कार्य क्षेत्र भित्र रही प्राधिकरणले आफ्नो काम कार्यवाही गर्दै आएको छ।

बीमा क्षेत्रमा मुख्य तथ्यांकहरुको विश्लेषणले बीमा क्षेत्रमा भएको प्रगति, चुनौतीहरू, तथा नीतिगत आवश्यकताहरूको पहिचान गर्न सहयोग पुऱ्याउँछ। यस मासिक तथ्यांक संस्करण मार्फत बीमा पहुँच, बीमकहरूको वित्तीय अवस्था, दाबी, बीमालेख संख्या, बीमाशुल्क संकलन लगायतका प्रमुख सुचकहरुको अध्ययन गरिएको छ।

यो विश्लेषण बीमा क्षेत्रको पारदर्शिता, जवाफदेहिता, तथा नीतिनिर्माणका लागि आधार हुनेछ साथै, बीमकहरु, नीति निर्माता, अनुसन्धानकर्ता, र आम सर्वसाधारणलाई उपयोगी जानकारी प्रदान गर्ने उद्देश्यले तयार पारिएको छ।

नेपाली बीमा बजार

आ.व. २०८१/८२ को जेठ मसान्तसम्ममा बीमाक्षेत्रको सुचकाङ्कहरुको अवस्था देहाय बमोजिम रहेका छन्।

१. बीमालेख संख्या

सूचक	२०८१ जेठ मसान्तसम्ममा	२०८२ जेठ मसान्तसम्ममा	परिवर्तन %
जीवन बीमालेख संख्या *(म्यादि, लघु म्यादि र वैदेशिक रोजगार जीवन बीमालेख बाहेक)*	५,७००,२७८	५,५३६,४४९	(२.८७)
म्यादि र लघु म्यादि जीवन बीमालेख संख्या	६,३२२,२६२	७,४२१,२९४	१७.३८
वैदेशिक रोजगार बीमालेख संख्या	२,०६७,२३७	२,५४०,९५८	२२.९२
कुल सक्रिय जीवन बीमालेख संख्या	**१४,०८९,७७७**	**१५,४९८,७०१**	**१०.००**
कुल जारी जीवन बीमालेख संख्या	**६,०००,०४६**	**६,१८७,८२२**	**३.१३**
कुल निर्जीवन बीमालेख संख्या	**२,७१३,०७१**	**२,९२६,५२९**	**७.८७**

चालु आ.व २०८१/८२ को जेठ मसान्तसम्ममा जीवन र लघुजीवन बीमा कम्पनीहरुबाट ६१ लाख ८७ हजार ८२२ वटा बीमालेख जारी भएका छन् भने निर्जीवन र लघु निर्जीवन बीमा कम्पनीहरुबाट जम्मा २९ लाख २६ हजार ५२९ वटा बीमालेख जारी भएका छन्। साथै, यस आ.व.को जेठ मसान्तसम्ममा १ करोड ५४ लाख ९८ हजार ७०१ वटा सक्रिय जीवन बीमालेख रहेका छन्।

२. बीमाशुल्क संकलन

रकम रु. करोडमा

सूचक	२०८१ जेठ मसान्तसम्ममा	२०८२ जेठ मसान्तसम्ममा	परिवर्तन %
प्रथम जीवन बीमाशुल्क संकलन रु.लाखमा	२,७७०.०६	३,५१७.५१	२६.९८
नविकरण जीवन बीमाशुल्क संकलन रु. लाखमा	१०,६०५.८१	११,९९८.२४	१३.१३
कुल जीवन बीमाशुल्क संकलन रु.लाखमा	**१३,३७५.८७**	**१५,५१५.७५**	**१६.००**
कुल निर्जीवन बीमाशुल्क संकलन रु.लाखमा	**३,६५६.९१**	**३,९८८.४१**	**९.०६**
जम्मा बीमाशुल्क संकलन रु. लाखमा	**१७,०३२.७८**	**१९,५०४.१६**	**१४.५१**

चालु आ.व २०८१/८२ को जेठ मसान्तसम्ममा रु. १ खर्ब ९५ अर्ब ४ करोड बीमाशुल्क संकलन भएको छ जुन गत आ.व. को जेठ मसान्तको तुलनामा १४.५१ प्रतिशत बृद्धि हो। त्यसैगरी, गत आ.व. को जेठ मसान्तको तुलनामा चालु आ.व को जेठ मसान्तसम्ममा जीवन तथा लघुजीवन बीमा तर्फ बीमाशुल्क संकलन १६ प्रतिशतले बृद्धि भई रु. १ खर्ब ५५ अर्ब १६ करोड रहेको छ भने निर्जीवन तथा लघु निर्जीवन बीमा तर्फ ९.०६ प्रतिशतले बृद्धि भई रु. ३९ अर्ब ८८ करोड बीमाशुल्क संकलन भएको छ।

३. बीमा दावी भुक्तानी विवरण

रकम रु. करोडमा

सूचक	२०८१ जेठ मसान्तसम्ममा	२०८२ जेठ मसान्तसम्ममा	परिवर्तन %
जीवन बीमा दावी भुक्तानी संख्या	२६८,६७७	२३८,६०८	(११.१९)
जीवन बीमा दावी भुक्तानी रकम	५,३९६.१९	५,२६४.१८	(२.४५)
भुक्तानी हुन वाँकी दावी संख्या *(जीवन)*	३९,२९८	५४,४२२	३८.४९
भुक्तानी हुन वाँकी दावी रकम *(जीवन)*	२८६.९४	४५७.९७	५९.६१
निर्जीवन बीमा दावी भुक्तानी संख्या	१३४,५३४	१२७,२८२	(५.३९)
निर्जीवन बीमा दावी भुक्तानी रकम	१,६०१.७४	२,०३०.०३	२६.७४
भुक्तानी हुन वाँकी दावी संख्या *(निर्जीवन)*	१०२,२५१	१०६,७५७	४.४१
भुक्तानी हुन वाँकी दावी रकम *(निर्जीवन)*	२,०२५.६६	३,०४६.१७	५०.३८

चालु आ.व २०८१/८२ को जेठ मसान्तसम्म जीवन बीमकहरुले भुक्तानी गरेको दाबीको संख्या २ लाख ३८ हजार ६०८ रहेको छ जस अन्तर्गत रु. ५२ अर्ब ६४ करोड भुक्तानी भएको छ। गत आ.व.को जेठ मसान्तसम्मको तुलनामा दाबी भुक्तानी संख्या र रकममा केही कमी आएको देखिन्छ। साथै, ५४ हजार ४२२ वटा दाबी अन्तर्गतको रु. ४ अर्ब ५८ करोड भुक्तानी हुन बाँकी नै रहेको छ।

त्यसैगरी, निर्जीवन बीमकहरुबाट चालु आ.व २०८१/८२ को जेठ मसान्तसम्ममा कुल १ लाख २७ हजार २८२ वटा दाबी भुक्तानी भएको छ जस अन्तर्गत रु २० अर्ब ३० करोड भुक्तानी भएको छ भने, ३० अर्ब ४६ करोड रुपैँयाको कुल १ लाख ६ हजार ७५७ वटा दाबी संख्या भुक्तानी हुन बाँकी रहेको छ।

४. जीवन बीमाको पहुँच

सूचक	२०८१ जेठ मसान्तसम्ममा	२०८२ जेठ मसान्तसम्ममा
बीमाको दायरामा आएको जनसंख्या प्रतिशतमा *(म्यादि, लघु म्यादि र बैदेशिक रोजगार जीबन बीमालेख बाहेक)*	१७.६४	१६.९८
बीमाको दायरामा आएको जनसंख्या प्रतिशत *(म्यादि र लघु म्यादि जीवन बीमालेख सहित)*	३७.२१	३९.७५
बीमाको दायरामा आएको जनसंख्या प्रतिशत *(म्यादि,लघुम्यादि र बैदेशिक रोजगार जीवन बीमालेख सहित)*	**४३.९५**	**४७.९५**

१. राष्ट्रिय तथ्याङ्क कार्यालयले वि.स. २०७८ सालको जनगणनाको प्रतिवेदनमा प्रकाशित जनसंख्याको वृद्धि प्रतिशतका आधारमा यस महिनासम्मको जनसंख्या प्रक्षेपण गरी बीमाको दायरा गणना गरिएको।

राष्ट्रिय तथ्यांक कार्यालयले प्रकाशित गरेको २०७८ सालको जनगणनाको प्रतिवेदनमा प्रकाशित जनसंख्याको बृद्धि प्रतिशतका आधारमा जेठ मसान्तसम्मको जनसंख्या प्रक्षेपण गरी बीमाको दायरा गणना गर्दा ४७.९५% जनसंख्यामा बीमाको पहुँच पुगेको छ भने ५२.०५% जनसंख्या बीमाको पहुँच बाहिर रहेको पाईएको छ ।

५. समर्पण तथा व्यतित विवरण

रकम रु. करोडमा

सूचक	२०८१ जेठ मसान्तसम्ममा	२०८२ जेठ मसान्तसम्ममा	परिवर्तन %
समर्पण संख्या	१००,०१२	९८,०४१	(१.९७)
समर्पण रकम	१,२२०.३३	१,३५४.१६	१०.९७
व्यतित बीमालेखको संख्या	१,१४३,४७८	१,२४३,७६९	८.७७
व्यतित बीमालेखको रकम	३,३०३.२०	३,६५१.४७	१०.५४

चालु आ.व २०८१/८२ को जेठ मसान्तसम्म ९८ हजार ४१ वटा बीमालेख समर्पण भएका छन् जस अन्तर्गत रु १३ अर्ब ५४ करोड समर्पण रकम रहेको छ । त्यसैगरी, १२ लाख ४३ हजार ७६९ बीमालेख व्यतित भएकाछन् भने व्यतित बीमालेखको रकम रु ३६ अर्ब ५१ करोड रहेको छ ।

६. बीमकको शाखा कार्यालय तथा कर्मचारीको विवरण

सूचक	२०८१ जेठ मसान्तसम्ममा	२०८२ जेठ मसान्तसम्ममा	परिवर्तन %
जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या	१,८३२	१,८५०	०.९८
निर्जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या	१,१४०	१,१५७	१.४९
बीमा कम्पनीहरुको जम्मा कार्यालय संख्या	**२,९७२**	**३,००७**	**१.१८**
जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या	५,८२५	६,१११	४.९१
निर्जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या	५,८४९	६,१२३	४.६८
बीमा कम्पनीहरुको जम्मा कर्मचारी संख्या	**११,६७४**	**१२,२३४**	**४.८०**

चालु आ.व.को जेठ मसान्तसम्ममा जीवन बीमातर्फ १ हजार ८५० र निर्जीवन बीमा तर्फ १ हजार १५७ गरी जम्मा शाखा संख्या ३ हजार ७ पुगेको छ भने जीवन बीमातर्फ ६ हजार १११ र निर्जीवनबीमा तर्फ ६ हजार १२३ गरी कुल १२ हजार २३४ जना कर्मचारी कार्यरत छन् ।

७. बीमालेख अनुसार जारी जीवन बीमालेख संख्या

सूचक	२०८१ जेठ मसान्तसम्म मा (१)	बीमालेख को हिस्सा प्रतिशत	२०८२ जेठ मसान्तसम्म मा (२)	बीमालेख को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सावधिक जीवन बीमा	२०२,९६८	३.३८	२५४,०३४	४.११	**२५.१६**
अग्रिम भुक्तानी सावधिक जीवन बीमा	३३,४०१	०.५६	३२,८१०	०.५३	**(१.७७)**
रुपान्तरित सावधिक जीवन बीमा	४५,०१५	०.७५	४६,१६३	०.७५	**२.५५**
बालबच्चा सम्बन्धि सावधिक जीवन बीमा	८२,२४२	१.३७	९७,६४३	१.५८	**१८.७३**
बैदेशिक रोजगार म्यादि	६८४,९५३	११.४२	७४६,३४४	१२.०६	**८.९६**
आजिवन जीवन बीमा	६,८५३	०.११	५,२०७	०.०८	**(२४.०२)**
एकल बीमाशुल्क जीवन बीमा	१४,६३२	०.२४	२०,७४६	०.३४	**४१.७९**

म्यादि जीवन बीमा	२,३८६,६१६	३९.७८	९८६,८९०	१५.९५	(५८.६५)
लघु जीवन बीमा	२,५३६,२३३	४२.२७	३,९८९,०५८	६४.४७	५७.२८
अन्य जीवन बीमा	७,१३३	०.१२	८,९२७	०.१४	२५.१५
जम्मा	६,०००,०४६	१००.००	६,१८७,८२२	१००.००	३.१३

चालु आ.व.को जेठ मसान्तसम्ममा जीवन बीमकहरुले जारी गर्दै आएका बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा लघु जीवन बीमाको रहेको छ भने सबै भन्दा कम संख्यामा आजिवन बीमालेख जारी भएका छन् । गत आ.व. को जेठ मसान्तसम्मको तुलनामा चालु आ.व.को जेठ मसान्तसम्ममा जारी बीमालेख संख्या ३.१३ प्रतिशतले बृद्धि भएको छ ।

८. सक्रिय जीवन बीमालेख संख्या

जीवन बीमालेख	२०८१ जेठ मसान्तसम्ममा (१)	बीमालेख को हिस्सा प्रतिशत	२०८२ जेठ मसान्तसम्ममा (२)	बीमालेखको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सावधिक जीवन बीमा	१,९९०,९१५	१४.१३	२,०७९,४६४	१३.४२	४.४५
अग्रिम भुक्तानी सावधिक जीवन बीमा	४४६,७७३	३.१७	४४८,४१८	२.८९	०.३७
रुपान्तरित सावधिक जीवन बीमा	५३३,६८७	३.७९	५४४,४५५	३.५१	२.०२
बालबच्चा सम्बन्धि सावधिक जीवन बीमा	९८५,९२८	७.००	१,०३९,०१४	६.७०	५.३८
बैदेशिक रोजगार म्यादि जीवन बीमा	२,०६७,२३७	१४.६७	२,५४०,९५८	१६.३९	२२.९२
आजिबन जीवन बीमा	१७४,९२३	१.२४	१७६,५९०	१.१४	०.९५
एकल बीमाशुल्क जीवन बीमा	७२,९६२	०.५२	९१,७४३	०.५९	२५.७४
म्यादि जीवन बीमा	३,९९२,४५०	२८.३४	३,३८८,१४८	२१.८६	(१५.१४)

लघु जीवन बीमा	३,७०६,३३५	२६.३१	५,०६६,०७०	३२.६९	३६.६९
अन्य जीवन बीमा	११८,५६७	०.८४	१२३,८४१	०.८०	४.४५
जम्मा	**१४,०८९,७७७**	**१००.००**	**१५,४९८,७०१**	**१००.००**	**१०.००**

चालु आ.व.को जेठ मसान्तसम्ममा जीवन बीमकहरुको सक्रिय बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा म्यादि जीवन बीमाको रहेको छ भने सबै भन्दा कम संख्या एकल बीमालेखको रहेको छ। गत आ.व. को जेठ मसान्तसम्मको तुलनामा चालु आ.व.को जेठ मसान्तसम्ममा सक्रिय बीमालेख संख्या १० प्रतिशत वृद्धि भएको छ।

९. प्रदेश अनुसार सक्रिय जीवन बीमालेख संख्या

प्रदेश	२०८१ जेठ मसान्तसम्ममा (१)	बीमालेखको हिस्सा प्रतिशत	२०८२ जेठ मसान्तसम्ममा (२)	बीमालेखको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	१,१५३,५३१	८.१९	१,७१२,६३७	११.०५	४८.४७
मधेश	५८६,४९६	४.१६	६२२,८३५	४.०२	६.२०
बाग्मती	१०,०९४,४३७	७१.६४	१०,१९८,८१५	६५.८०	१.०३
गण्डकी	५३८,८०३	३.८२	८११,७७५	५.२४	५०.६६
लुम्बिनी	९९४,९३४	७.०६	१,०५६,८८३	६.८२	६.२३
कर्णाली	२०२,५८७	१.४४	५३४,४४५	३.४५	१६३.८१
सुदुरपश्चिम	५१८,९८९	३.६८	५६१,३११	३.६२	८.१५
जम्मा	**१४,०८९,७७७**	**१००.००**	**१५,४९८,७०१**	**१००.००**	**१०.००**

चालु आ.व.को जेठ मसान्तसम्ममा जीवन बीमालेखहरुको संख्याको प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी बीमालेख बागमती प्रदेशमा जारी भएका छन् भने सबै भन्दा कम संख्या कर्णाली प्रदेशमा रहेको छ।

१०. जारी निर्जीवन बीमालेख संख्या

निर्जीवन बीमालेख	२०८१ जेठ मसान्तसम्ममा (१)	बीमालेख को हिस्सा प्रतिशत	२०८२ जेठ मसान्तसम्म मा (२)	बीमालेख को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सम्पत्ति बीमा	४५४,८७९	१६.७७	४३७,१७०	१४.९४	(३.८९)
सामूद्रिक बीमा	३०२,२४५	११.१४	३७४,३३१	१२.७९	२३.८५
हवाई बीमा	१२०	०.००४	१२०	०.००४	-

मोटर बीमा	१,५२६,८३५	५६.२८	१,४३४,५४७	४९.०२	(६.०४)
इन्जि. तथा ठे. जो. बीमा	२८,७४३	१.०६	३२,६४४	१.१२	१३.५७
विविध बीमा	१५२,१७८	५.६१	१५८,३८०	५.४१	४.०८
कृषि तथा बाली बीमा	१२४,५६०	४.५९	१३८,२९७	४.७३	११.०३
लघु बीमा	१२३,५११	४.५५	३५१,०४०	१२.००	१८४.२२
जम्मा	२,७१३,०७१	१००.००	२,९२६,५२९	१००.००	७.८७

चालु आ.व.को जेठ मसान्तसम्ममा निर्जीवन बीमकहरुले जारी गर्दै आएका बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा मोटर बीमाको रहेको छ भने सबै भन्दा कम संख्यामा हवाई बीमालेख जारी भएका छन् । गत आ.व. को जेठ मसान्तसम्मको तुलनामा चालु आ.व.को जेठ मसान्तसम्ममा जारी बीमालेख संख्या ७.८७ प्रतिशत बृद्धि भएको छ ।

११. प्रदेश अनुसार जारी निर्जीवन बीमालेख संख्या

प्रदेश	२०८१ जेठ मसान्तसम्ममा (१)	बीमालेख को हिस्सा प्रतिशत	२०८२ जेठ मसान्तसम्ममा (२)	बीमालेख को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	३४५,२८०	१२.७३	३८३,४०५	१३.१०	११.०४
मधेश	२९३,२६८	१०.८१	३१९,३४१	१०.९१	८.८९
बाग्मती	१,१६४,२१९	४२.९१	१,२५७,९५५	४२.९८	८.०५
गण्डकी	२७४,४३८	१०.१२	२८७,४०३	९.८२	४.७२
लुम्बिनी	४४०,४६२	१६.२३	४७५,८४१	१६.२६	८.०३
कर्णाली	५६,०५८	२.०७	५१,५४१	१.७६	(८.०६)
सुदुरपश्चिम	१३९,३४६	५.१४	१५१,०४३	५.१६	८.३९
जम्मा	२,७१३,०७१	१००.००	२,९२६,५२९	१००.००	७.८७

चालु आ.व.को जेठ मसान्तसम्ममा निर्जीवन बीमकहरुले जारी गरेको बीमालेखहरुको संख्याको प्रदेशगत तुलना गर्दा संख्याको आधारमा सबै भन्दा बढी हिस्सा बागमती प्रदेशमा रहेको छ भने सबै भन्दा कम संख्या कर्णाली प्रदेशमा रहेको छ ।

१२. जीवन बीमामा कुल बीमाशुल्क संकलन

रकम रु. करोडमा

जीवन बीमालेख	२०८१ जेठ मसान्तसम्ममा (१)	बीमालेखको हिस्सा प्रतिशत	२०८२ जेठ मसान्तसम्ममा (२)	बीमालेख को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सावधिक	४,९८६.८३	३७.२८	५,९०६.८७	३८.०७	१८.४५
अग्रिम भुक्तानी सावधिक	१,७८५.९०	१३.३५	३,१७७.४९	२०.४८	७७.९२
रुपान्तरित सावधिक	२,९८४.८९	२२.३२	१,९३७.०२	१२.४८	(३५.११)
बालबच्चा सम्बन्धि सावधिक	२,०६८.९७	१५.४७	२,३८३.७२	१५.३६	१५.२१
बैदेशिक रोजगार म्यादि	२८७.७७	२.१५	३१९.२७	२.०६	१०.९४
आजिबन	३७६.२०	२.८१	३९१.९५	२.५३	४.१९
एकल बीमाशुल्क	२३८.९७	१.७९	६८०.८७	४.३९	१८४.९२
म्यादि	१४२.५०	१.०७	१४४.०६	०.९३	१.०९
लघु	२४८.१३	१.८६	२७१.६१	१.७५	९.४६
अन्य	२५५.७१	१.९१	३०२.८९	१.९५	१८.४५
जम्मा	**१३,३७६**	**१००.००**	**१५,५१६**	**१००.००**	**१६.००**

चालु आ.व.को जेठ मसान्तसम्ममा जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कको हिस्सा सबै भन्दा बढी सावधिक जीवन बीमालेखमा रहेको छ भने सबै भन्दा कम बीमाशुल्क संकलन म्यादी बीमालेखमा रहेको छ। गत आ.व. को जेठ मसान्तसम्मको तुलनामा चालु आ.व.को जेठ मसान्तसम्ममा कुल बीमाशुल्क संकलन १६ प्रतिशत ले बृद्धि भएको छ।

१३. प्रदेश अनुसार कुल बीमाशुल्क संकलन

रकम रु. करोडमा

प्रदेश	२०८१ जेठ मसान्तसम्ममा (१)	बीमालेखको हिस्सा प्रतिशत	२०८२ जेठ मसान्तसम्ममा (२)	बीमालेखको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	१,६२७.२७	१२.१७	१,८७८.८०	१२.११	१५.४६
मधेश	१,२११.८०	९.०६	१,३८३.८०	८.९२	१४.१९

बाग्मती	५,८९२.१९	४४.०५	६,८७९.८४	४४.३४	१६.७६
गण्डकी	१,३६५.४६	१०.२१	१,५६३.००	१०.०७	१४.४७
लुम्बिनी	२,१०९.४८	१५.७७	२,४३३.९३	१५.६९	१५.३८
कर्णाली	३६१.०७	२.७०	४३५.०६	२.८०	२०.४९
सुदुरपश्चिम	८०८.६२	६.०५	९४१.३३	६.०७	१६.४१
जम्मा	**१३,३७५.८७**	**१००.००**	**१५,५१५.७५**	**१००.००**	**१६.००**

चालु आ.व.को जेठ मसान्तसम्ममा प्रदेश गत जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कको हिस्सा सबै भन्दा बढी बागमती प्रदेशमा रहेको छ भने सबै भन्दा कम कर्णाली प्रदेशमा रहेको छ।

१४. निर्जीवन बीमामा कुल बीमाशुल्क संकलन

रकम रु. करोडमा

निर्जीवन बीमालेख	२०८१ जेठ मसान्तसम्ममा (१)	बीमालेख को हिस्सा प्रतिशत	२०८२ जेठ मसान्तसम्ममा (२)	बीमालेख को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सम्पत्ति	९१४.३१	२५.००	१,०१३.१२	२५.४०	१०.८१
सामून्द्रिक	१७९.४८	४.९१	२३२.११	५.८२	२९.३२
हवाई	२४८.३८	६.७९	२२६.५८	५.६८	(८.७८)
मोटर	१,०९५.७४	२९.९६	१,१७४.५१	२९.४५	७.१९
इन्जि. तथा ठे. जो.	६२२.९३	१७.०३	६९०.४०	१७.३१	१०.८३
विविध	३९०.१३	१०.६७	४१४.३७	१०.३९	६.२१
कृषि तथा बाली	१८०.२८	४.९३	१५०.८२	३.७८	(१६.३४)
लघु	२५.६५	०.७०	८६.४८	२.१७	२३७.११
जम्मा	**३,६५६.९१**	**१००.००**	**३,९८८.४१**	**१००.००**	**९.०६**

चालु आ.व.को जेठ मसान्तसम्ममा निर्जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कमा सबै भन्दा बढी हिस्सा मोटर बीमालेखको रहेको छ भने सबै भन्दा कम बीमाशुल्क संकलन लघु बीमालेखमा भएको छ। गत आ.व. को जेठ मसान्तसम्मको तुलनामा चालु आ.व.को जेठ मसान्तसम्ममा कुल बीमाशुल्क संकलन ९.०६ प्रतिशतले बृद्धि भएको छ ।

१५. प्रदेश अनुसार निर्जीवन कुल बीमाशुल्क संकलन

रकम रु. करोडमा

प्रदेश	२०८१ जेठ मसान्तसम्म मा (१)	बीमालेख को हिस्सा प्रतिशत	२०८२ जेठ मसान्तसम्म मा (२)	बीमालेख को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	३२३.०८	८.८३	३५५.५०	८.९१	१०.०३
मधेश	२३९.५९	६.५५	२६२.५०	६.५८	९.५६
बाग्मती	२,४०५.३५	६५.७८	२,६७४.६३	६७.०६	११.२०
गण्डकी	१९८.३४	५.४२	२०२.२७	५.०७	१.९८
लुम्बिनी	३३०.६२	९.०४	३५२.५२	८.८४	६.६२
कर्णाली	६४.५६	१.७७	३८.७०	०.९७	(४०.०६)
सुदुरपश्चिम	९५.३७	२.६१	१०२.३०	२.५६	७.२६
जम्मा	**३,६५६.९१**	**१००.००**	**३,९८८.४१**	**१००.००**	**९.०६**

चालु आ.व.को जेठ मसान्तसम्ममा निर्जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कको प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी बीमाशुल्क संकलन बागमती प्रदेशमा भएको छ भने सबै भन्दा कम कर्णाली प्रदेशमा भएको छ।

१६. उजुरी दर्ता तथा फछर्यौट

विवरण		आर्थिक वर्ष	
		२०८०/८१	२०८१/८२ (जेठ मसान्तसम्म)
गत वर्षको निवेदन बाँकी संख्या		१९२	२८७
यस वर्षको निवेदन संख्या	केन्द्रिय कार्यालयमा	१५९	१३२
	प्रदेश कार्यालयमा	८५	७७
	कुल दर्ता	२४४	२०९
पुनरावेदनबाट आएका मुद्दाको संख्या		१	३
जम्मा निवेदन		**४३७**	**४९९**
फैसला/सहमति भएका मुद्दा संख्या	फैसला	१०१	७७
	सहमति	४९	३६
	जम्मा फछर्यौट	१५०	११३
बाकीं संख्या		**२८७**	**३८६**

प्राधिकरणमा यस आ.व.को जेठ मसान्तसम्ममा कुल ४९९ वटा उजुरी दर्ता भएका छन् जसमध्ये ७७ वटा उजुरी मुद्दा फैसलाबाट र ३६ वटा उजुरी सहमतीबाट गरी कुल ११३ वटा उजुरी फछर्यौट भएका छन् भने ३८६ वटा उजुरी फछर्यौट हुन बाँकीनै रहेको छ।

१७. स्थलगत निरिक्षण

निरिक्षण	जीवन	निर्जीवन	पुनर्बीमा	लघु जीवन	लघु निर्जीवन	जम्मा
नियमित निरीक्षण	४	२३	०	३	०	३०
आकस्मिक निरीक्षण	५	४	२	१	०	१२
AML/CFT सम्बन्धी	६	०	०	०	०	६
जम्मा निरीक्षण	१५	२७	२	४	०	४८

आ.व २०८१/८२ असार १५ गतेसम्ममा ४ जीवन बीमक, २३ निर्जीवन बीमक, र ३ लघु जीवन बीमक गरी कुल ३० वटा नियमित स्थलगत निरीक्षण गरिएको छ भने १२ वटा आकस्मिक निरीक्षण गरिएको छ। साथै, ६ वटा बीमकहरुमा AML/CFT सम्बन्धी निरीक्षण समेत सम्पन्न भएको छ।

१८. बीमालेख स्वीकृति

आ.व २०८१/८२ असार १५ गतेसम्ममा प्राधिकरणबाट कुल १८ वटा जीवन बीमालेखहरु र ०९ वटा निर्जीवन बीमालेखहरु स्वीकृति भएकाछन्। त्यसै गरी, ९ वटा बीमांकी नियुक्ती स्वीकृत गरेको छ।

तयार:

अनुसन्धान महाशाखा
नेपाल बीमा प्राधिकरण